मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

# कार्यपालिकाको ५० औं वैठकका निर्णयहरु

## निर्णय नं. १

कार्यपालिकाको अघिल्लो ४९ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो। वैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

## निर्णय नं. २

मन्थली नगरपालिकाको आ.व. २०७७/७८ को समीक्षा कार्यक्रममा आएका सुझावहरुलाई अमूल्य सम्पतिको रुपमा ग्रहण गरी आगामी दिनमा अक्षरसः पालना गर्ने गरी पुस्तकका रुपमा प्रकाशन गरी नगरपालिकाको वेभ साईडमा अपलोड गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

मन्थली नगरपालिकाबाट तयार भएको नदिजन्य पदार्थ उत्खनन् तथा संकलनका लागि तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन पारित गरी सोको अवलम्बन गर्ने गराउने ।

## निर्णय नं. ४

मन्थली नगरपालिकाको आयोजना र एस.डि.आइ.सि. नेपालको परामर्शमा भईरहेको मन्थली नगरपालिकाको प्रथम आवधिक नगर विकास योजना निर्माण कार्यक्रममा आ-आफ्नो अवधारणा प्रस्तुत गरी समग्र सुझावहरु समावेश गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत